Bon Secours Mercy Health
स्वास्थ्य सेवा वित्तीय सहयोग नीति (Healthcare Financial Assistance Policy) को पूरक
सामान्यतया बील गरिएको रकम (Amounts Generally Billed, AGB) को गणना सारांश
प्रभावकारी मार्च 1, 2022 देखि

ट्रेजरी नियमावली (Treasury Regulations) §1.501(r)-5(a)(1) बमोजिम, आकस्मिक अवस्थामा र मेडिकल रूपमा आवश्यक अन्य स्याहारको अवस्थामा अस्पतालले आफ्नो आर्थिक सहयोग नीति अन्तर्गत सहयोगको लागि योग्य व्यक्तिलाई प्रदान गरिएको स्याहारको लागि शुल्क लिइएको रकमलाई सामान्यतया बील गरिएको रकम (AGB) भन्दा बढी नहुने गरि सीमित गर्नुपर्छ । §1.501(r)-5(b)(1) ले AGB निर्धारण गर्न प्रयोग गर्नको लागि अस्पतालका सुविधाहरूको लागि दुईवटा विधिहरू प्रदान गर्दछ : (1) पछाडि फर्कने विधि; वा (2) मेडिकेड (Medicaid) विधि । Bon Secours Mercy Health को स्वास्थ्य सेवा आर्थिक सहयोग नीति (Financial Assistance Policy, FAP) मा उल्लेख गरिए बमोजिम, Bon Secours Mercy Health ले पछाडि फर्कने विधिको आधारमा प्रत्येक Bon Secours Mercy Health अस्पतालको लागि AGB को प्रतिशत गणना गर्छ ।

Bon Secours Mercy Health अस्पतालहरूले प्रत्येक अस्पतालको सुविधालाई भुक्तानी गरिएका वास्तविक दावीहरूको आधारमा "पछाडि फर्कने" विधि छनौट गरेको छ । §1.501(r)-5(b)(3)(i) बमोजिम, प्रत्येक Bon Secours Mercy Health अस्पताल सुविधाले सेवाको लागि मेडिकेयर (Medicare) शुल्क र सबै निजी स्वास्थ्य बीमाकर्ताहरूले अस्पताल सुविधालाई दावी भुक्तानी गर्ने आधारमा यसको AGB प्रतिशत गणना गर्छ । प्रत्येक अस्पतालको लागि AGB लाई आकस्मिक र अन्य मेडिकल रूपमा आवश्यक स्याहारको लागि यसका सबै दावीहरूको रकमलाई सम्बन्धित कुलको योगफलले 12-महिनाको अघिल्लो अवधिमा मेडिकेयर (Medicare) र व्यवसायिक बीमाकर्ताहरूले अनुमति दिएको दावीहरूको लागि रकमलाई विभाजन गरेर वार्षिक रूपमा शुल्क गणना गरिन्छ । 2022 को लागि, प्रत्येक अस्पताल सुविधाको AGB गणनाको लागि प्रयोग गरिएको 12-महिनाको अवधि नोभेम्बर 1, 2020 देखि अक्टोबर 31, 2021 हो ।

प्रत्येक अस्पतालको लागि AGB को गणना निर्धारण गरिएको थियो । चार्ज मास्टरको भिन्नता र व्यवस्थित स्याहारका सम्झौता गरिएका दरहरूसँग सम्बन्धित, अस्पतालहरूको लागि AGB गणनाहरू 12% देखि 50% सम्मको थियो । मार्च 1, 2022 देखि प्रभावकारी हुने गरि, Bon Secours Mercy Health ले प्रत्येक क्षेत्र भित्र सबैभन्दा बढी छुट दिने AGB प्रतिशतको आधारमा क्षेत्र भित्रका सबै अस्पताल सुविधाहरूमा लागू हुने कुल शुल्कको क्षेत्रीय AGB प्रतिशत स्थापना गरेको छ । अस्पताल र क्षेत्रीय आधारमा AGB प्रतिशत संलग्न गरिएका छन् ।